**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु जय पृथ्वीराज बुढाथोकी, मनोज शर्मा लम्साल, भिम बहादुर कवर, जुद्द कुमारी वली, पुष्पा वली खासु मगर र दुर्गा प्रसाद वली मु.नं (०७९-CR-००९३) फैसला मिति २०८०/१२/१३ | सामुदायिक वनको काठदाउरा कटान, मुछान र घाटगद्दीको क्रममा हिनामिना गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>•**प्रतिवादीहरु कालिमाटी सव डिभिजन कार्यालय कालिमाटीका फरेष्टर जय पृथ्वीराज बुढाथोकी र सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष भिम बहादुर कवर, कोषाध्यक्ष जुद्द कुमारी वली र सचिव पुष्पा वली खासु मगर समेतले** ४३९.२३ क्यू.फिट काठ हिनामिना गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर र ४३६.२२ क्यू.फिट कम लगत कम राखी दफा १७ को कसूरको दफा २१ बमोजिमको उद्योग समेत गरेको देखिंदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र सोही उपदफा को खण्ड (घ) बमोजिम कैद हुन र उद्योग तर्फ सोही ऐनको दफा २१ बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो रु.२,६८,५६१।- असुल उपर हुन,<br>•**प्रतिवादी कालिमाटी सव डिभिजन कार्यालय कालिमाटीका सहायक वन अधिकृत मनोज शर्मा लम्सालले** रु.१,००,०००।—(एक लाख रुपैयाँ) घुस लिएको रकम देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको र काठ कटान मुछान एवं घाटगद्दी गर्ने ठेकेदार तथा लगत तयार गर्ने कर्मचारीको मिलेमतोमा उक्त गलत प्रतिवेदन पेश गरेकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुर समेत गरेको देखिंदा बिगो रु.१,००,०००।—कायम गरी सोही ऐन दफा ३ को उपदफा (१) र ३ को उपदफा (१) (ग) बमोजिम र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन, | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्रतिवादीहरु कसूरमा पूर्ण इन्कार रही बयान गरेको साथै वन रक्षकको हैसियतले कटान छपानको क्रममा फिल्डमा खटिएका सव-डिभिजन वन कार्यालय, कालिमाटीमा कार्यरत रामकुमार चौधरीले अनुसन्धानकै क्रममा बयान गर्दा रुख कटान भएका जम्मा १७० रुख कटान छपान भएतापनि १५५ वटा रुखबाट मात्र गोलिया निस्किको र बाँकी दाउरामा काटिएको हो भनी भनेको कथनलाई नजर अन्दाज गर्न मिल्ने देखिएन। आयोगको नापजाँच विवरणमा प्राविधिक व्यक्ति रहेको नदेखिएको र सुरुमा अनुमान गरिएको आयतन र रुख कटान गरी नापजाँच गरी तयार गरेको आयतन बीचमा स्वभाविकरुपमा फरक अर्थात अन्तर आउन सक्ने हुन्छ।<br>•अभिलेखमा उल्लेख गरीएको विवरण भन्दा बढी नै परिमाणमा | •प्र जिल्ला सल्यान, कालिमाटी गाउँपालिका वडा नं.३ स्थित महिला सामुदायि वन उपभोक्ता समूहका अध्यक्ष भिम बहादुर कवर र सव-डिभिजन वन कार्यालय, कालिमाटी ३ सल्यानमा कार्यरत फरेष्टर जे.बी बुढाथोकी समेतले तुल्सीपुर-पुरन्धारा-बोटेचौर सडक खण्ड स्तरोन्नतीको क्रममा हटाईएको विभिन्न जातका रुखहरु कटान, मुछान लगायत विक्री वितरणमा अनियमितता गरेको भन्ने समेत बेहोराको प्राप्त उजुरी निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात दायर भएको प्रस्तुत मुद्दामा सहायक राजमार्ग तुल्सीपुर-पुरन्धारा-बोटेचौर सडक (F१४१) को दाङ्ग र सल्यान जिल्लामा पर्न जाने सडकखण्ड स्तरोन्नतिको क्रममा उक्त सडकको Right of Way वन क्षेत्रभित्र रहेका विभिन्न प्रजातिका रुखहरु हटाउने भनी श्री सडक विभागबाट निर्णय भई कटान स्वीकृतिको अनुमति प्राप्त भई महिला सामुदायिक वन उपभोक्ता समूह कालीमाटीको क्षेत्रभित्र पर्ने विभिन्न जातको जम्मा १७० रूखहरुको मुल्यांकन रजिष्टर तयार गरी छपान चेक जाँच भई काठ दाउरा, कटान, मुछान एवं घाटगद्दीको लागि डिभिजन वन कार्यालय सल्यान र श्री दुर्गा ट्रेडर्स एण्ड सप्लायर्स बबई गाउँपालिका -४, दाङ्गबीच मिति २०७६।०१।१९ गते कटान, मुछान तथा घाटगद्दी गर्ने करारनामा/सम्झौता भई नियम बमोजिम कालिमाटी सव डिभिजन वन कार्यालय कालिमाटी सल्यानको प्राविधिक सहयोगमा काठ कटान मुछान भई घाटगद्दी गरेको/भएको देखिन्छ।प्रतिवादीहरु कसूरमा इन्कार रही बयान गरेतापनि <u>**कटान मुछान गरी घाटगद्दीमा जम्मा नगरिएको सम्बन्धमा**</u> **विवेचना गर्दा,** जम्मा रूख १७० वटा कटान भएकोमा १५५ वटा रुखबाट उत्पादित काठको मात्र लगत राखिएको र नियमानुसार छपान भई कटान भएका रुखहरु मध्ये रुख नं. २९, ४४, ६८, ७१, ७२, ७४, ७९, १२०, १३३, १३४, १३५, १३६, १५२, १५४ र १६१) गरी १५ वटा रुखहरु कटान गरिएको तर उक्त रूखहरबाट उत्पादित हुने ४३९.२३ क्यू. फिट बराबरको काठ घाटगद्दीमा फेला नपरेको तथा लगतमा समेत नराखिएको अख्तियार दुरुपयोग अनुसन्धान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | •**प्रतिवादी दुर्गा ट्रेडर्स एण्ड सप्लायर्सको संचालक दुर्गा प्रसाद वलीले** ४३९.२३ क्यू.फिट काठ हानि नोक्सानी पुर्याएको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर, रु.१,००,०००।— घुस रिसवत दिएको देखिंदा सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिमको कसुर र ४३६.२२ क्यू.फिट कम लगत राखि हानिनोक्सानी गर्ने उद्योग गरेकोले ऐ.ऐनको दफा २१ बमोजिमको कसुर समेत गरेको देखिंदा सोही ऐनको दफा ८ को उपदफा (४), सोही ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) बमोजिम र ऐ.ऐनको दफा २१ बमोजिम सजाय गरी बिगो रु २,६८,५६१।— र रु. १,००,०००।— जफत हुन समेतको मागदावी लिईएको देखिन्छ।<br>**अदालतको फैसला**<br>•**प्रतिवादीहरु जय पृथ्वीराज बुढाथोकी, मनोज शर्मा लम्साल, भिम बहादुर कवर, जुद्द कुमारी वली, पुष्पा वली खासु मगर र दुर्गा प्रसाद वली समेतले** आरोप दावीबाट सफाइ पाउने ठहर्छ भनी फैसला भएको अवस्था छ। | काठ दाउरा दाउराको घाट गद्दी गरी टाँचा लगाएको देखिन आएको भए तापनि वर्षातको समय हिलोमा गोलिया तथा दाउराको नापजाँच गर्दा अभिलेखमा सो किसिमको त्रुटि उल्लेख हुन जानु स्वभाविक रहेको, साथै उच्च अदालत सुर्खेतबाट भएको आदेशसमेतका आधारमा दावीका घाटगद्दीका काठहरु लिलाम भईसकेकोसमेतबाट जानिजानि प्रतिवादी मनोज शर्मा लम्सालले आफू वा अरुलाई फाइदा पुग्ने र सरकारी वा सार्वजनिक निकायलाई हानि नोक्सानी पुर्याएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिंदैन ।<br>•प्रतिवादीहरु मनोज शर्मा लम्साल र दुर्गा प्रसाद वली बीच घुस रिसवत लिने दिने कार्यमा संलग्न रहेको दावी सम्बन्धमा यि प्रतिवादीहरु कसुरमा इन्कार रही बयान गरेको, आरोप दावी बमोजिमको रकम बरामद नभएको र अन्य कुनै माध्यमबाट हस्तान्तरण गरेको पुष्टि नभएको र अडियो सम्वादमा राष्ट्रसेवक मनोज शर्मा लम्साल संलग्न नै नरहेको हुँदा घुस/रिसवत लिए खाए होलान भनी कसूरदार ठहर | आयोगको कार्यालय, सुर्खेतको टोलीले स्थलगत अवलोकन तथा नापजाँच समेत गरी मिति २०७७।०४।२७ गते पेश गरेको प्रतिवेदनबाट देखिन आएकोले कटान मुछान गरी घाटगद्दी गर्ने ठेकेदार दुर्गा प्रसाद वली, लगत राख्ने कर्मचारी जय पृथ्वीराज बुढाथोकी, मनोज शर्मा लम्साल र रोहबरमा बस्ने महिला सामुदायिक वन उपभोक्ता समुह कालिमाटी -३, सल्यानका अध्यक्ष भिम बहादुर कवर, कोषाध्यक्ष जुद्द कुमारी वली र सचिव पुष्पा वली खासु मगर सहितका पदाधिकारी समेतले वन नियमावली, २०५१ बमोजिम उक्त घाटगद्दी नगरिएको (४३९.२३ क्यु.फिट) काठको हुन आउने मुल्य रु. २,६८,५६१।- (दुई लाख अठसठ्ठी हजार पाँच सय एकसठ्ठी रुपैंया) बराबरको काठ हिनामिना गरी आफुहरुलाई फाइदा र उपभोक्ता समुहलाई हानि नोक्सानी पुर्याएको देखिन्छ भने **काठको परिमाण लगतभन्दा बढी देखिएको सम्बन्धमा विवेचना गर्दा,** महिला सामुदायिक वन उपभोक्ता समुहबाट उत्पादित काठ दाउराको कटान तथा घाटगद्दी रजिष्टरको लगतको विश्लेषण गरी हेर्दा, वन क्षेत्रमा साल जातको ११६, असना ५०, जामुन ३ र हर्रो १ समेत गरी जम्मा १७० वटा रुखहरु कटान मुछान गरी घाटवद्दी गरेको हुनुपर्नेमा, उक्त समूहको कटान, घाटगद्दी तथा काठको मुल्यांकन रजिष्टरमा जम्मा रुख १५५ को ७३३ गोलिया काठबाट जम्मा ३६७७.१० क्यू. फिट मात्र काठको लगत राखिएको देखिन्छ। तर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतको स्थलगत अनुगमन टोलीको प्रतिवेदनमा कटान मुछान गरी घाटगद्दी गरिएको काठको जम्मा गोलिया संख्या ७४० को जम्मा काठ ४१३९.२४ क्यू. फिट हुनुपर्नेमा जम्मा गोलिया संख्या ७३३ को जम्मा काठ ३६७७.१० क्यू. फिट मात्र लगतमा राखिएको देखिन्छ। यसबाट कटान मुछान गरिएको काठमध्ये ७ वटा गोलिया काठको कुनै लगत नराखेको र १५६ वटा “C” ग्रेडको काठ दाउराको चट्टामा मिलाई सो को समेत लगत राखिएको देखिदैन यसरी, जम्मा काठ गोलिया थान ७४० को जम्मा आयतन ४१३९.२४ क्यू. फिटको र दाउराको चट्टामा मिसाई राखेको "सी" ग्रेडमा पर्ने साल जातका काठ थान १५६ को नेट आयतन ९१.३१ क्यू.फिट गरी कुल आयतन ४२३०.५५ क्यू. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्नु न्यायसंगत देखिदैन।<br>• उपभोक्ता समूहका पदाधिकारीहरु प्रतिवादी भिम बहादुर कवर, जुद्द कुमारी वली र पुष्पा वली खासु मगर उपरको उद्योगको कसुरमा कर्मचारीसँग मिलेमतो गरी बदनियतपूर्ण रुपमा गलत प्रतिवेदन गरेको कार्यमा संलग्नता देखिन आएन। | फिट काठबाट डिभिजन वन कार्यालय सल्यानले पेश गरेको अन्तिम नापजाँच विवरण अनुसार धोदकट्टी काठ गोलिया थान १०३ को जम्मा आयतन ११७.२३ क्यू. फिट आयातन घटाउँदा जम्मा काठ ४११३.३२ क्यू. फिट काठको लगत हुनुपर्नेमा वास्तविक नापजाँच परिमाण लगतमा नराखि कुल काठ गोलिया ७३३ को ३६७७.१० क्यू. फिट काठको मात्र लगत राखी ४३६.२२ क्यू. फिट काठ कम नापजाँच गर्ने, ग्रेडिङ गर्ने र कम लगत राख्ने सव डिभिजन वन कार्यालय कालिमाटी सल्यानका कर्मचारी जय पृथ्वीराज वुढाथोकी, सो को रोहवरमा बसी काम गर्ने उक्त वन उपभोक्ता समुहका अध्यक्ष भिम बहादुर कुवर, कोषाध्यक्ष जुद्द कुमारी वली र सचिव पुष्पा वली खासु मगर, काठ कटानमुछान गरी घाटगद्दी गर्ने जिम्मेबारी लिएका ठेकेदार दुर्गा प्रसाद वली र सो कार्य ठिक भएको भनी प्रतिवेदन गर्ने सहायक वन अधिकृत मनोज शर्मा लम्साल समेतले वन नियमावली, २०५१ को अनुसुची (२) को द्रष्टब्य (२) बमोजिम ४३६.२२ क्यू. फिट काठको हुन आउने मुल्य रु. १,८७,८७७।- (एक लाख सतासी हजार आठ सय सतहत्तर रुपैंया) बरावरको सरकारी सम्पत्तिलाई हानी नोक्सानी पुर्याउने उद्योग गरेको पुष्टि हुन्छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन तथा मुचुल्कालाई समर्थित हुने गरी प्रतिवेदकहरु कृष्णप्रसाद पौडेल र देवकुमार राईले अदालत समक्ष बकपत्र गर्दा स्थलगत मुचुल्का र प्रतिवेदनमा भएको बेहोरा र सोमा भएको सहीछाप आफ्नै हो भनी बकपत्र समेत गरीदिएको देखिंदा उक्त बकपत्र समेतलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गर्नु पर्नेमा सो प्रमाणलाई अनदेखा गरि प्रतिवादीहरु जय पृथ्वीराज बुढाथोकी समेतलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहि बदर भागी छ।<br>• **प्रतिवादी कालिमाटी सव डिभिजन वन कार्यालय कालिमाटीका फरेष्टर जय पृथ्वीराज वुढाथोकी ,सहायक वन अधिकृत मनोज शर्मा लम्सालको हकमाः-** जिल्ला सल्यान, कालिमाटी गाउँपालिका वडा नं.-३ स्थित महिला सामुदायिक वन उपभोक्ता समूह कालिमाटी, सल्यानको वन क्षेत्रबाट तुल्सीपुर-पुरन्धारा-वोटेचौर सडक खण्डको स्तरोन्नतिको क्रममा हटाइएका रुखहरुको कटान मुछान तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | घाटगद्दी कार्यमा नियमानुसार छपान भई कटान भएका रुखहरु मध्ये रुख नं. २९, ४४, ६८, ७१, ७२, ७४, ७९, १२०, १३३, १३४, १३५, १३६, १५२, १५४ र १६१) गरी जम्मा १५ वटा रुखहरु कटान गरिएको तर उक्त रूखहरुबाट उत्पादित ४३९.२३ क्यू. फिट बराबरको काठ घाटगद्दी नगरी लगतमा समेत नराखी उक्त काठको हुन आउने मुल्य रु. २,६८,५६१।- (दुई लाख अठसट्ठी हजार पाँच सय एकसट्ठी रुपैंया) हिनामिना गरेको देखिन्छ साथै महिला सामुदायिक वन उपभोक्ता समूह कालिमाटी, सल्यानको वन क्षेत्रबाट सडक खण्डको स्तरोन्नतिको क्रममा हटाइएका रुखहरुको कटान मुछान तथा घाटगद्दी कार्यमा निज प्रतिवादी जय पृथ्वीराज वुढाथोकीले लगत, कटान तथा घाटगद्दी रजिष्टर तयार गर्ने, काठ दाउराको लगत तयार गर्ने, नाप साइज दिएर चट्टा बनाउने कार्यमा **वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ र सामुदायिक वनको काठ दाउरा संङ्कलन तथा विक्रि वितरण निर्देशिका, २०७१ को अनुसुची (४)** अनुसार काठ दाउरा मुल्याङ्कन गरी कटान रजिष्टर, घाटगद्दी रजिष्टर, लगत र काठ दाउरा मुल्याङ्कन फारममा वन क्षेत्रबाट काठ गोलिया थान ७३३ को कुल आयतन ३६७७.१० क्यू. फिट र दाउरा १०.७६ चट्टा घाटगद्दीमा रहेको वास्तविक परिमाणमा (४११३.३२) रहेको काठभन्दा **(४११३.३२-३६७७.१०)**= ४३६.२२ क्यू. फिट काठ कम नापजाँच गरी लगत तयार गरी प्रमाणित गरेकोले ४३६.२२ क्यू. फिट काठको हुन आउने मुल्य रु. १,८७,८७७।- (एक लाख सतासी हजार आठ सय सतहत्तर रुपैंया) बराबरको हानि नोक्सानी गर्ने उद्योग समेत गरेको पुष्टि हुन्छ भने अर्का प्रतिवादी **मनोज शर्मा लम्सालले** डिभिजन वन कार्यालय सल्यानको च.नं. १४९१, मिति २०७६/०३/२७ गतेको पत्रानुसार उक्त सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएका काठ दाउराको घाटगद्दी एवं ग्रेडिङ्ग चेकजाँच तथा प्लटको अन्तिम जाँच गर्ने सिलसिलामा कालिमाटी सव डिभिजन वन कार्यालयले तयार पारेको कटान रजिष्टर तथा घाटगद्दी रजिष्टरमा जम्मा रुख संख्या १५५ बाट (लगतमा कटान भएको रुख संख्या १५० भनी उल्लेख भएको) जम्मा ७३३ थान गोलिया काठको नेट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आयतन ३६७७.१० क्यू. फिट काठ उत्पादन भएको भनी लगत राखेको, कटान भएका रुखहरु मध्ये रुख नं. (२९, ४४, ६८, ७१, ७२, ७४, ७९, १२०, १३३, १३४, १३५, १३६, १५२, १५४ र १६१) गरी जम्मा १५ वटा रुखको कुनै लगत नराखेको तथा काठ समेत फेला नपरेको र "सी" ग्रेडमा पर्ने १५६ वटा साल जातको नेट आयतन ९१.३१ क्यू. फिट काठ दाउराको चट्टामा मिसाइ राखिएको र त्यसको कुनै लगत नभएको अवस्थामा समेत निज प्रतिवादी मनोज शर्मा लम्सालले सव डिभिजन वन कार्यालय, कालिमाटीको **घाटगद्दी रजिष्टर बमोजिम देखिएको, छपान बमोजिम कटानमुछान भएको** र कालिमाटी सव डिभिजन कार्यालय, कालिमाटी सल्यानले बदनियतका साथ तयार गरेको गलत लगतलाई नै समर्थन गर्ने गरी प्रतिवेदन पेश गरेको देखिएकोले काठ कटानमुछान एवं घाटगद्दी गर्ने ठेकेदार तथा लगत तयार गर्ने कर्मचारीको मिलेमतोमा उक्त गलत प्रतिवेदन पेश गरी भ्रष्टाचारजन्य कार्य गरेको देखिन्छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन तथा मुचुल्कालाई समर्थित हुने गरी प्रतिवेदकहरु कृष्णप्रसाद पौडेल र देवकुमार राईले अदालत समक्ष बकपत्र गर्दा स्थलगत मुचुल्का र प्रतिवेदनमा भएको बेहोरा र सोमा भएको सहीछाप आफ्नै हो भनी बकपत्र समेत गरीदिएको देखिंदा देखिंदै उक्त बकपत्र समेतलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गर्नु पर्नेमा सो प्रमाणलाई अनदेखा गरि प्रतिवादी जय पृथ्वीराज बुढाथोकी र मनोज शर्मा लम्साललाई आरोप दावीबाट सफाई दिने गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ।<br>• **प्रतिवादी कालिमाटी सव डिभिजन वन कार्यालय कालिमाटीका सहायक वन अधिकृत मनोज शर्मा लम्साल र प्रतिवादी दुर्गा प्रसाद वली बिचको घुस रिसवत लिएको दावीको हकमाः** तुल्सीपुर-पुरन्धारा-बोटेचौर सडक खण्डको स्तरोन्नतिको क्रममा हटाइएका रुखहरुको कटान मुछान गर्ने ठेकेदार दुर्गा प्रसाद वलीले बयानको क्रममा कटानमुछानको अन्तिम भुक्तानी पाउनको लागि नगद रु. १,००,०००।- (एक लाख रुपैंया) घुस वापत सहायक वन अधिकृत मनोज शर्मा लम्साललाई दिएको भनी बयान गरेको देखिन्छ भने निज |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादी मनोज शर्मा लम्साल र दुर्गा प्रसाद वलीले मिलेमतो गरी घुस रिसवत दिई/लिई गलत प्रतिवेदन पेश गरी/गराएको जस्ता परिस्थितजन्य प्रमाण साथै निज मनोज शर्मा लम्सालको पोलिग्राफ परिक्षण गर्दा DECEPTION INDICATED भन्ने समेत बेहोराको कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतबाट प्राप्त परिक्षण प्रतिवेदनबाट प्रतिवादी दुर्गा प्रसाद वलीबाट रकम रु. १,००,०००।- (एक लाख रुपैंया) बरामद नभएतापनि अनुसन्धानको क्रममा प्रतिवादी दुर्गा प्रसाद वलिले घुस रिसवत दिएको भनी बयान गरेको समेत देखिएबाट यि प्रतिवादी मनोज शर्मा लम्साललले घुस/रिसवत लिएको पुष्टी हुँदा हुँदै उल्लिखित तथ्य प्रमाणहरुलाई अनदेखा गरी प्रतिवादीहरु मनोज लम्साल र दुर्गा प्रसाद वलीलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी छ।<br>• **प्रतिवादी सामुदायिक वन उपभोक्ता समूह कालिमाटी -३, सल्यानका अध्यक्ष भिम बहादुर कवर, कोषाध्यक्ष जुद्द कुमारी वली र सचिव पुष्पा वली खासु मगरको हकमाः** महिला सामुदायिक वन उपभोक्ता समूह कालिमाटी, सल्यानको वन क्षेत्रबाट सडक खण्डको स्तरोन्नतिको क्रममा हटाइएका रुखहरुको कटान मुछान तथा घाटगद्दी कार्यमा नियमानुसार छपान भई कटान भएका रुखहरु मध्ये रुख नं. २९, ४४, ६८, ७१, ७२, ७४, ७९, १२०, १३३, १३४, १३५, १३६, १५२, १५४ र १६१) गरी जम्मा १५ वटा रुखहरु कटान गरिएको तर उक्त रूखहरबाट उत्पादित ४३९.२३ क्यू. फिट बराबरको काठ घाटगद्दी नगरी लगतमा समेत नराखी हिनामिना गरेको **प्रतिवादी भिम बहादुर कवर, जुद्द कुमारी वली र पुष्पा वली खासु मगर समेतले** उक्त घाटगद्दी नगरेको र लगतमा समेत नराखी हिनामिना गरेको ४३९.२३ क्यू. फिट काठको हुन आउने मुल्य रु. २,६८,५६१।- (दुई लाख अठसठ्ठी हजार पाँच सय एकसठ्ठी रुपैंया) हिनामिना गरेको साथै, काठ दाउराको मुल्याङ्कन, लगत, कटान रजिष्टर र घाटगद्दी रजिष्टर तयार गरी पेश गर्नेमा सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट अध्यक्ष भिम बहादुर कवर, कोषाध्यक्ष जुद्द कुमारी वली र सचिव पुष्पा वली खासु मगर रहेको, कालिमाटी सव डिभिजन वन कार्यालय कालिमाटी सल्यानले तयार गरेको कटान रजिष्टर तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | घाटगद्दी रजिष्टर र काठ तथा दाउराको मुल्याङ्कनमा समेत अध्यक्ष भिम बहादुर कवर, कोषाध्यक्ष जुद्द कुमारी वली र सचिव पुष्पा वली खासु मगरले दस्तखत गरी लगत पेश गरेको देखिएको, निजहरुले कालिमाटी सव डिभिजन वन कार्यालय, कालिमाटीले वास्तविक परिमाण (४११३.३२ क्यू.फिट) काठभन्दा ४३६.२२ क्यू. फिट कम नापजाँच गरी लगत तयार गरेको काठको लगत रजिष्टरमा दस्तखत गरी प्रमाणित गरेको देखिएकोले ४३६.२२ को हुन आउने रकम रू. १,८७,८७७।- (एक लाख सतासी हजार आठ सय सतहत्तर रुपैंया) बराबरको काठ दाउराको हानि नोक्सानी गर्ने उद्योग गरेको देखिन आएको उक्त भ्रष्टाचारजन्य कार्यलाई पुष्टि हुने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन तथा मुचुल्कालाई समर्थित हुने गरी प्रतिवेदकहरु कृष्णप्रसाद पौडेल र देवकुमार राईले अदालत समक्ष बकपत्र गर्दा स्थलगत मुचुल्का र प्रतिवेदनमा भएको बेहोरा र सोमा भएको सहीछाप आफ्नै हो भनी बकपत्र समेत गरीदिएको देखिंदा देखिंदै उक्त बकपत्र समेतलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गर्नु पर्नेमा सो प्रमाणलाई अनदेखा गरी निज प्रतिवादीहरु भिमबहादुर कवर समेतलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदर भागी छ।<br>•**प्रतिवादी दुर्गा ट्रेडर्स एण्ड सप्लायर्स, बबई गाउँपालिका -४, दाङ्गका संचालक दुर्गा प्रसाद वलीको हकमाः** महिला सामुदायिक वन उपभोक्ता समूह कालिमाटी, सल्यानको वन क्षेत्रबाट सडक खण्डको स्तरोन्नतिको क्रममा हटाइएका रुखहरुको कटान मुछान तथा घाटगद्दी कार्यमा नियमानुसार छपान भई कटान भएका रुखहरु मध्ये रुख नं. २९, ४४, ६८, ७१, ७२, ७४, ७९, १२०, १३३, १३४, १३५, १३६, १५२, १५४ र १६१) गरी जम्मा १५ वटा रुखहरु कटान गरिएको तर उक्त रूखहरबाट उत्पादित काठ घाटगद्दी नगरी लगतमा समेत **नराखी प्रचलित वन ऐनद्वारा निषेधित तवरबाट व्यवसाय गरी** ४३९.२३ क्यू. फिट काठको हुन आउने मुल्य रकम रु. २,६८,५६१।- (दुई लाख अठसठ्ठी हजार पाँच सय एकसठ्ठी रुपैंया) **ठेकदार दुर्गा प्रसाद वलीले** महिला सामुदायिक वन उपभोक्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समूह कालिमाटीलाई हानि नोक्सानी पु-याएको साथै, कालिमाटी सव डिभिजन वन कार्यालय कालिमाटी सल्यानले तयार गरेको कटान रजिष्टर, घाटगद्दी लगत र काठ दाउरा मुल्याङ्कन फारममा उल्लेख भएको काठको नाप साइज तथा गोलिया परिमाणमा, वास्तविक परिमाण (४११३.३२ क्यु.फिट) भन्दा कम नाप लिई जम्मा (३६७७.१०) क्यू. फिट काठको मात्र लगत राखि तथा नेट आयतन ४३६.२२ क्यू.फिट काठको लगत नराखि गैरकानुनी लाभ लिने उद्देश्य राखी कर्मचारीसँग मिलेमतो गरी वास्तबिक लगत भन्दा कम लगत राखेको जम्मा काठ (४११३.३२-३६७७.१०)= ४३६.२२ क्यू.फिटको हुन आउने मुल्य रकम रू. १,८७,८७७।- (एक लाख सतासी हजार आठ सय सतहत्तर रुपैंया) हानी नोक्सानी गर्ने उद्योग समेत गरेको पुष्टि भएको साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन तथा मुचुल्कालाई समर्थित हुने गरी प्रतिवेदकहरु कृष्णप्रसाद पौडेल र देवकुमार राईले अदालत समक्ष बकपत्र गर्दा स्थलगत मुचुल्का र प्रतिवेदनमा भएको बेहोरा र सोमा भएको सहीछाप आफ्नै हो भनी बकपत्र समेत गरीदिएको देखिंदा देखिंदै उक्त बकपत्र समेतलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गर्नु पर्नेमा सो प्रमाणलाई अनदेखा गरी निज प्रतिवादीहरु भिमबहादुर कवर समेतलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदर भागी छ।<br>• अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाणहरुबाट **प्रतिवादीहरु जय पृथ्वीराज बुढाथोकी, भिम बहादुर कवर, जुद्द कुमारी वली, पुष्पा वली खासु मगर, मनोज शर्मा र दुर्गा प्रसाद वलीलाई** आरोपित कसूर गरेको पुष्टि हुँदा हुँदै आरोप दावीबाट सफाई दिने गरी भएको विशेष अदालत काठमाडौंको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |